**बर्दघाट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**(बर्दघाट सुस्ता पश्चिम) नवलपरासी ।**
**५ नं प्रदेश, नेपाल**

## सहकारी सङ्घ संस्थाहरूलाई प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति: ०७५/१/१९)**

यस नगरपालिकाको प्रथम नगरसभाबाट कृषि ऋण शिर्षकमा विनियोजन भएको रकम परिचालन गर्ने सन्दर्भमा मिति २०७५।०१।०९ गते नगरकार्यपालिकाको वैठकबाट पारित भएको कृषि सहकारी संघ संस्थाहरु मार्फत कृषकहरुलाई उपलब्ध गराईने सहुलियत पूर्ण कृषि ऋण सम्वन्धी कार्यविधि-२०७५ बमोजिम नगरपालिका क्षेत्र भित्र कार्यक्षेत्र रहेका कृषि सहकारी सँस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित गरिएको छ। अतः सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सहुलियत पूर्ण कृषि ऋण प्राप्त गर्न चाहने सहकारी संस्थाहरूले यस नगरपालिकाको कार्यालय कृषि/पशु शाखामा सिलवन्धी प्रस्ताव पेस गर्नु हुन जानकारी गराइन्छ।

१. कृषि वा पशुपालनमा आधारित सहकारिताको माध्यमबाट बेरोजगार, श्रमिक, विपन्न महिला, अपाङ्गता भएका व्यक्ति, दलित समुदाय वा अन्य पिछडिएका वर्गका सदस्यहरूले सञ्चालन गर्ने स्वरोजगारीका कृषि/पशु व्यावसायका साथै भूमिहीन तथा सीमान्तीकृत कृषकहरूले सञ्चालन गर्ने यस सम्वन्धी व्यावसायका लागि सहकारी सङ्घसंस्था मार्फत आफ्ना सदस्यहरूलाई सहूलियतपूर्ण कृषि कृण उपलव्ध गराइनेछ।

२. प्रस्ताव पेस गर्ने सहकारी सङ्घ संस्थाले उक्त म्यादभित्र देहायका कागजातहरु संलग्न गरी दरखास्त दिनुपर्नेछ :

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि;
(ख) संस्थाको विनियमको प्रतिलिपि;
(ग) आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण प्रतिवेदन;
(घ) आर्थिक वर्ष २०७३।७४ को कर चुक्ताको प्रमाणपत्र;
(ङ) सहुलियत पूर्ण कृषि ऋण लगानीको प्रस्ताव;
(च) साधारण सभाबाट प्रस्ताव स्वीकृत गरी नगरपालिकामा सहुलियतपूर्ण ऋण माग गर्न गरिएको निर्णयको प्रतिलिपि;
(छ) सञ्चालक समितिका पदाधिकारीहरूको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण;

३. देहायको अवस्थामा सहकारी सङ्घसंस्थाले सहुलियत पूर्ण कृषि ऋण प्राप्त गर्न नसक्ने वेहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ :

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको;
(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रूपमा निर्वाचन नगरेको;
(ग) नियमित रूपमा वार्षिक लेखापरीक्षण नगराएको;
(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेस नभएको;
(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको;
(छ) संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा नभएको,
(ज) आर्थिक वर्ष २०७३।७४ को कर चुक्ता प्रमाणपत्र नभएको,

४. पेस हुन आएको प्रस्तावको मूल्याङ्कन कृषि सहकारी संघ संस्थाहरु मार्फत कृषकहरुलाई उपलब्ध गराईने सहुलियत पूर्ण कृषि ऋण सम्वन्धी कार्यविधि-२०७५ मा तोकिएका आधारहरू बमोजिम गरिनेछ।

५. चालु आर्थिक वर्ष (२०७४।७५) को वार्षिक कार्यक्रम तथा बजेटका आधारमा प्राप्त आयोजना प्रस्तावहरू स्वीकृत गर्ने, नगर्ने अधिकार यस नगरपालिकामा निहित रहनेछ।

(चिरञ्जिवी गिरी)
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्च : पेस हुन आएका कागजात वा विवरण झुट्टा ठहरिएमा प्रचलित कानुनबमोजिम कारबाई हुने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।**